जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७१ पृष्ठः ४ | २०८३ असार २२ सोमबार (Monday 06 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## आँपको मूल्य दोब्बरले वृद्धि



**जीवछ यादव**

लहान, २१ असार। आँपको राजधानी मानिएको लहानमा मालदह आँपको मूल्य दोब्बरले वृद्धि भएको छ। आँपको मूल्य वृद्धि हुँदा किसानभन्दा बढी कमाइ व्यापारीहरुले गरेका छन्। दस दिन अगाडि पचास रुपियाँ प्रतिकिलो रहेको आँप हिजोआज प्रतिकिलो सय रुपियाँ पुगेको छ। किसानहरुको बगैंचामा मालदह आँप सकिन लाग्दा मूल्य आकासिनु स्वभाविकै भएपनि आँपको बजार व्यवस्थित नहुनु र उचित मूल्य निर्धारण गर्न सम्बन्धित निकायहरुको उदासिनताको कारण मूल्य निर्धारण नहुनुले बजारको मनोमानी मूल्य हुने गरेको उपभोक्ताहरुको गुनासो छ।

लहान वडा १ का नेनीलाल राम भन्नुहुन्छ, 'मालदह आँप यति मँहगो होला सोचेका थिएनौ। किसानभन्दा व्यापारीको कमाइ गर्ने दिन आयो। अनुगमन र मूल्य निर्धारण नहुँदा मनपरी छ आँप बजारमा।' बम्बई आँप सकिएको छ मालदह मुस्किलले दस दिन सम्म बजारमा पाइनेछ भने कलकत्तिया र अम्रपाली आँपले केहि दिन बजारमा पाइने आँप व्यापारीको भनाइ छ। किसानले कहिलेपनि आँपको उचित मूल्य पाउन नसकिएको अगुवा सखुवानन्कारकटि गाउँपालिकाको कृषक तिरपित यादवको दुखेसो रहेको छ।

उहाँ भन्नुहुन्छ, 'असार १५ पछि धान रोपाइँ सुरु भइसकेकोले बगैंचामा आँप रुघेर बस्ने कि धान रोपाइँ गर्ने ? यस्तो अवस्थामा हतार हतारमा किसानले किसानले बिक्री

**–बाँकी तीन पेजमा**

## मधेस सरकारको बजेट पुनर्लेखनको माग

### गौरवका आयोजना समावेश नभएसम्म बजेट कार्यान्वयन हुन नदिने चेतावनी





जनकपुरधाम, २१ असार। मधेस प्रदेशका प्रतिपक्षी दलहरूले सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेट पुनर्लेखन गर्नुपर्ने माग गरेका छन्। बजेटलाई अव्यवहारिक, असन्तुलित, संघीयताको मर्म विपरीत तथा नीतिगत भ्रष्टाचारलाई प्रोत्साहन गर्ने खालको रहेको आरोप लगाए। आइतबार पत्रकार सम्मेलन गर्दै उनीहरूले प्रदेश गौरवका आयोजना समावेश नभएसम्म बजेट कार्यान्वयन हुन नदिने चेतावनी दिएका छन्।

जसपा नेपालको संसदीय दलले जनमत पार्टीका प्रदेशसभा सदस्यहरूसँग संयुक्त रूपमा आयोजना गरेको पत्रकार सम्मेलनमा पूर्वमुख्यमन्त्री तथा प्रदेशसभा सदस्य लालबाबु राउतले सरकारले विधिसम्मत प्रक्रिया अवलम्बन नगरी आग्रह–पूर्वाग्रहका आधारमा बजेट ल्याएको आरोप लगाए।

उनका अनुसार बजेट निर्माणका क्रममा कानुनी प्रक्रिया पालना नगरिएकाले यस्तो बजेट स्वीकार्य हुन सक्दैन।अर्का पूर्वमुख्यमन्त्री तथा जसपा नेपालका प्रदेशसभा सदस्य जितेन्द्र सोनलले प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा समानुपातिक रूपमा बजेट विनियोजन हुनुपर्ने माग गरे। उनले सशर्त, समपूरक र विशेष अनुदान वितरणको आधार स्पष्ट गर्नुपर्ने बताए। मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक

**–बाँकी तीन पेजमा**

## मधेशकै पहिलो पोषणमैत्री स्वास्थ्य संस्था बन्यो कुसहा स्वास्थ्य केन्द्र

**मणिलाल विश्वकर्मा**






लहान, २१ असार। सप्तरीको सुरुंगा नगरपालिका– ५, कुसहास्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई मधेश प्रदेशकै पहिलो पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ। 'सुरुंगा नगरपालिकाको पोषणमा सुधार, स्वस्थ परिवार समृद्ध समाजको आधार' भन्ने नारासहित स्वास्थ्य शाखाको आयोजनामा नगर प्रशासकीय भवनमा आइतबार दिउँसो आयोजित एक समारोहबिच केन्द्रलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको हो। नगरप्रमुख गीता चौधरी र उपप्रमुख रुद्रबहादुर कार्कीले संयुक्त रूपमा ब्यानर वाचन गरेर पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरेका हुन्।

**लैंगिकमैत्री व्यवहारमा जोड**

पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्दै नगरप्रमुख चौधरीले सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने मुलुकको प्रतिबद्धताका लागि एक हिस्सा भएको चर्चा गर्दै लैंगिकमैत्री व्यवहारमा जोड दिइन्। 'अशिक्षा, चेतनाको अभावजस्ता कारणले समाजमा अझै छोरी र छोरा जन्मिँदा गरिने संस्कार, खानपिन, हुर्काइमा पनि विभेद छ,' उनले भनिन्, 'छोरी जन्मिँदा आमा बाबु र गर्भावस्थाकी बुहारीको देखभालमा ध्यान दिएको खण्डमा कुपोषणको दर घटाउन भूमिका खेल्न सक्छ।'

पोषणमैत्री व्यवहारका लागि नगरको स्वास्थ्य शाखाले फलफूलका बिरुवा, पोषणयुक्त खानेकुरा बाँड्नेदेखि विभिन्न सचेतनामूलक गतिविधहरु गरिरहेको चर्चा गर्दै उनले त्यसमा

**–बाँकी दुई पेजमा**





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## भविष्यतर्फको सही लगानी

शिक्षा कुनै पनि समाजको विकासको सबैभन्दा बलियो आधार हो। सडक, भवन र भौतिक पूर्वाधारले विकासको बाह्य स्वरूप देखाए पनि शिक्षामा गरिएको लगानीले समाजको दीर्घकालीन भविष्य निर्धारण गर्छ। यही यथार्थलाई आत्मसात् गर्दै सिराहाको लहान नगरपालिकाले सामुदायिक विद्यालयलाई स्मार्ट बोर्ड, बेन्च, कापी, पेन्सिल तथा अन्य शैक्षिक सामग्री वितरण गरेको निर्णय स्वागतयोग्य र दूरदर्शी कदम हो। स्थानीय तहले शिक्षा क्षेत्रलाई विकासको केन्द्रमा राखेको यो प्रयासले सामुदायिक विद्यालयप्रति नागरिकको विश्वास बढाउनुका साथै गुणस्तरीय शिक्षाको आधार निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

संघीय सरकारको विशेष अनुदानबाट प्राप्त बजेटलाई प्रविधिमैत्री शिक्षाको विस्तारमा केन्द्रित गर्नु आफैंमा सकारात्मक सन्देश हो। नगरपालिकाले अधिकांश आधारभूत तथा माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड उपलब्ध गराउनु, विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्री वितरण गर्नु तथा केही विद्यालयमा सुरक्षा र व्यवस्थापनका लागि सिसिटिभी जडान गर्नु शिक्षा सुधारको समग्र दृष्टिकोणको संकेत हो। यस्तो लगानीले केवल विद्यालयको भौतिक स्वरूप परिवर्तन गर्दैन, शिक्षण–सिकाइ प्रक्रियालाई पनि आधुनिक र प्रभावकारी बनाउने सम्भावना बोकेको हुन्छ। आजको युग सूचना र प्रविधिको युग हो। विश्वभरको शिक्षा प्रणाली डिजिटल माध्यममा आधारित हुँदै गएको छ। विद्यार्थीको सिकाइ क्षमता, सिर्जनशीलता र विश्लेषणात्मक सोच विकास गर्न प्रविधिको प्रयोग अपरिहार्य बन्दै गएको छ।

लहान नगरपालिकाले गरिब तथा विपन्न परिवारका विद्यार्थीलाई लक्षित गरी कापी र पेन्सिल वितरण गरेको निर्णय पनि सामाजिक न्यायको दृष्टिले महत्त्वपूर्ण छ। आर्थिक अभावकै कारण धेरै विद्यार्थी नियमित रूपमा विद्यालय आउन नसक्ने वा आवश्यक शैक्षिक सामग्री जुटाउन कठिनाइ भोग्ने अवस्था अझै विद्यमान छ। यस्ता विद्यार्थीलाई आधारभूत शैक्षिक सामग्री उपलब्ध गराउनु केवल राहत कार्यक्रम होइन, उनीहरूको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने प्रयास पनि हो। यसले विद्यालय छोड्ने दर घटाउन र सिकाइमा निरन्तरता कायम गर्न सहयोग पुऱ्याउन सक्छ।

नगर प्रमुखले विकासको प्राथमिकता शिक्षा हुनुपर्ने धारणा व्यक्त गर्नु सकारात्मक संकेत हो। स्थानीय सरकारको सीमित स्रोतलाई दीर्घकालीन प्रतिफल दिने क्षेत्रमा लगानी गर्नु नै सुशासनको परिचायक हो। शिक्षा क्षेत्रमा गरिएको लगानीले भविष्यमा दक्ष जनशक्ति उत्पादन गर्छ, रोजगारीका अवसर विस्तार गर्छ, सामाजिक चेतना अभिवृद्धि गर्छ र समग्र समाजलाई आर्थिक तथा सामाजिक रूपमा सशक्त बनाउँछ। त्यसैले विद्यालयमा गरिएको खर्चलाई खर्च नभई भविष्यको पूँजीका रूपमा हेर्नुपर्छ।

प्रमुख प्रशासकीय अधिकृतले डिजिटल पूर्वाधारले खोज र अनुसन्धानमा आधारित शिक्षण–सिकाइलाई प्रोत्साहन गर्ने उल्लेख गरेका छन्। वास्तवमा आजको शिक्षा केवल पाठ्यपुस्तकमा सीमित छैन। विद्यार्थीलाई समस्या समाधान, अनुसन्धान, प्रविधि प्रयोग र सिर्जनात्मक सोचतर्फ उन्मुख गराउनुपर्ने आवश्यकता बढ्दो छ। डिजिटल सामग्रीले उनीहरूलाई विश्वव्यापी ज्ञानसँग जोड्ने अवसर दिन्छ। यसबाट सामुदायिक विद्यालय र निजी विद्यालयबीच रहेको प्रविधिगत दूरी पनि क्रमशः कम हुँदै जान सक्छ। सामुदायिक विद्यालय नेपालको शिक्षा प्रणालीको मेरुदण्ड हुन्। यिनै विद्यालयमा अधिकांश गरिब, किसान, मजदुर तथा सीमान्तकृत समुदायका बालबालिका अध्ययन गर्छन्। त्यसैले सामुदायिक विद्यालयको गुणस्तर सुधार्नु भनेको समान अवसरमा आधारित समाज निर्माण गर्नु हो। लहान नगरपालिकाको यो पहलले अन्य स्थानीय तहलाई पनि शिक्षा क्षेत्रमा दीर्घकालीन सोचका साथ लगानी गर्न प्रेरित गर्न सक्छ।

अन्ततः शिक्षा क्षेत्रमा गरिने हरेक लगानीको मूल्यांकन तत्काल देखिने भौतिक उपलब्धिबाट होइन, भविष्यमा उत्पादन हुने सक्षम, सिर्जनशील र जिम्मेवार नागरिकबाट गरिनुपर्छ। यदि वितरण गरिएका सामग्रीको प्रभावकारी उपयोग सुनिश्चित गर्न सकियो, शिक्षक र विद्यार्थीलाई आवश्यक सहयोग प्रदान गरियो तथा समुदायलाई विद्यालयसँग जोड्न सकियो भने लहान नगरपालिकाको यो अभियान केवल सामग्री वितरणमा सीमित रहने छैन यसले गुणस्तरीय, समावेशी र प्रविधिमैत्री शिक्षाको नयाँ आधार तयार गर्नेछ। यही नै समृद्ध समाज निर्माणतर्फको सबैभन्दा प्रभावकारी र दिगो लगानी हुनेछ।

# कांग्रेस विवादको जड के हो ?

**महाधिवेशन भएपछि नेतृत्वमा पुग्ने वा केन्द्रीय सदस्यमै पनि चुनिने सम्भावना कमै छ। अर्थात्, नेतृत्वबाट पन्छिनु त निश्चितैजस्तो छ महाधिवेशनमा सहभागी भए पनि नभए पनि। त्यस अवस्थामा सहभागी नभएरै**



गोविन्द अधिकारी

नेपाली कांग्रेसभित्रको तमासाले 'माझीले सल्लाह गर्दा गर्दै नौ गाउँ डुब्यो' भन्ने उखानको सम्झना हुन्छ। कांग्रेसजनले २०४६ साल यताको पार्टीको इतिहासतिर फर्केर हेरे भने सिक्नुपर्ने कति पाठ सिकेनन् भन्ने देख्ने थए होलान्। लाग्छ, 'हम नहीं सुधरेंगे' भन्ने शब्दावली कांग्रेसकै लागि बनेको हो।

पूर्णबहादुर खड्काले विधानअनुसार महासिमितिको विशेष महाधिवेशन बोलाएका भए सम्भवतः अहिले मुलुककै परिदृश्य केही फरक हुनसक्थ्यो। पार्टी, देश र विधानभन्दा महत्त्वपूर्ण गुटको स्वार्थ रक्षालाई ठाने। प्रतिनिधि सभा निर्वाचनसम्म पार्टीमा नेतृत्व फेर्नै नदिने रणनीतिमा एकथरी हुने नहुने जे पनि गर्न तम्से। शेरबहादुर देउवाको नेतृत्वमा चुनाव नलड्ने घोषणा गरेका तत्कालीन महामन्त्री गगनकुमार थापाले पनि पार्टी र आफ्नै राजनीतिक अस्तित्व जोगाउने विषयलाई जीवनमरणको प्रश्न बनाए। अन्ततः विशेष महाधिवेशन भयो। नयाँ केन्द्रीय कार्यसमिति निर्वाचित भयो। चुनाव चिह्न, पार्टीको वैधानिकता नयाँ कार्य समितिले पायो।

नयाँ कार्यसमितिलाई मान्यता दिन नचाहनेहरूमध्ये केही नेता सभापति गगन थापाको हस्ताक्षरमा चुनाव पनि लडे। तिनैमध्ये केही नेतालाई सभापति थापाको कार्यसमितिलाई स्वीकार गर्न निकै कठिन भएको छ। उनीहरू आफूलाई 'इतर पक्ष' भन्छन् । चुनावका बेला कुना पसेका नेताहरू अहिले कोठे बैठकदेखि देश दौडाहासम्ममा व्यस्त देखिन्छन्। केन्द्रीय कार्यसमितिले पन्ध्रौं महाधिवेशनको मिति तय गरिसकेको छ। यसबीच कांग्रेसका दुवै पक्षबीच वार्ताहरू भइरहेका कहिले कुनै र कहिले कुनै सहमति भएको फेरि कुरा नमिलेको समाचार आइरहेका छन्। अब त इतर पक्षले सम्पर्क कार्यालय पनि खोलेका छन्। कांग्रेसमा यस्तो अभ्यास नौलो नभएकाले सायद दुवै पक्षले सामान्यरूपमा नै लिएका छन्। इतर पक्ष 'हिङ नभए पनि हिङको टालो' भएको अकडमा देखिन्छ। संस्थापन पक्ष यसै बहुमतको दम्भमा हुने नै भयो।

दुवै पक्षका नेतालाई डर भने पन्ध्रौं महाधिवेशनमा आफू कसरी स्थापित हुने भन्ने नै हो। यद्यपि, संस्थापन पक्षका नेतालाई समूहका अरू साथीलाई पनि जिताउन सकियोस् भन्ने होला। इतर भनिएकाहरूलाई एकअर्कासँग पनि उत्तिकै समस्या छ। साँच्चै प्रतिस्पर्धा त उनै सातआठ जनाबीचमा छ। अर्को पुस्तासँग त पर्खने समय छ तर बेबीबुमर पुस्ताका नेताहरूका लागि यो अन्तिम मौका हो। जिन्दगीभर गरेको राजनीतिको अन्तिम विश्राम ! सायद यही कारणले उनीहरूमा बढी छटपटी देखिएको हो।

आफूहरूले क्रियाशील सदस्यता नवीकरण गरिसकेकाले अध्यावधिक वा डिजिटाइज्ड गर्ने कुनै पनि नाममा फेरि नवीकरण नगर्ने नेताहरूको अडान देखिन्छ। यस अडानलाई हर्षेल्याइँ भन्नु त न्यायोचित नहोला तर यो अनुपयुक्त जिद्दी भने पक्कै हो। प्रक्रिया पनि धेरै सहमज बनाइएको छ क्यारे। यसैले महाधिवेशन होस् भन्ने चाहने हो भने त्यसैमा अलमलिनु बुद्धिमानी होइन। संस्थापनले पनि महाधिवेशनमा सके सिंगो पार्टी नभए पनि अहिले इतर हुनपुगेकाहरूको ठूलो संख्या सहभागी होस् भन्ने चाहने हो भने नवीकरणको तगारो खोल्न हिचकाउनु पर्दैन। नाम हुनेहरू पहिचान हुन्छन् भने मान्यता दिए हुन्छ। फोन गरेर पनि विवरण रुजु गरे भइहाल्छ।

मूल समस्या नवीकरणको प्राविधिक पक्ष हुँदै होइन। पहिलो, उनीहरूको 'इगो'को व्यवस्थापन हो। सदस्यता नवीकरण गराएमा आफ्नो नैतिक हार हुने तिनले ठानेको हुनसक्छ। तर, यसभन्दा पनि गाँठी कुरो सायद अर्कै छ। त्यो हो – फेरि वडा तहबाटै चुनिएर आउनुपर्ने प्रावधान। पञ्चायतको थालनीमा राष्ट्रिय पञ्चायतका सदस्य एकपटक चुनिएपछि फेरि निर्वाचित हुन तल्लो तहको चुनावमा भाग लिनुपर्दैन थियो। जिल्ला नै नफर्की जिल्लाको प्रतिनिधित्व गरिरहने सुविधा उनीहरूलाई हुन्थ्यो। पदावधि सकिए पनि एकपटक निर्वाचक मण्डलमा स्वतः सदस्य हुन्थे र अञ्चलस्तरीय चुनावबाट चुनिन्थे । सायद २०२३ पछि कम्तीमा प्रस्तावक र समर्थक सम्बन्धित जिल्ला पञ्चायतकै सदस्य हुनुपर्ने भएको थियो।

नेपाली कांग्रेसका यी हिङका टालाहरूलाई फेरि वडास्तरमा गएर नवीकरण गरेका क्रियाशील सदस्यहरूसँग मत मागेर चुनिएर प्रतिनिधि हुन लाज लागेजस्तो छ। अर्कातिर महाधिवेशन भएपछि उनीहरू नेतृत्वमा पुग्ने वा केन्द्रीय सदस्यमै पनि चुनिने सम्भावना कमै छ। अर्थात्, नेतृत्वबाट पन्छिनु त निश्चितैजस्तो छ महाधिवेशनमा सहभागी भए पनि नभए पनि। त्यस अवस्थामा सहभागी नभएरै बरु समानान्तर गतिविधि चलाइरहन अर्थात् पसल थापिरहन पाइन्छ। तारतम्य मिलाउन सके नयाँ पार्टी बनाउन पो सकिन्छ कि? नत्र क्रियाशील सदस्यको संख्याभन्दा थोरै मत आएपछि गोडमेल गर्न त नेताहरूले नै सुझाउन पर्ने हो।

अहिलेको क्रियाशील सदस्यता रुजु गर्ने विषय नियमित साधारण सदस्यता अभियानमात्र होइन। यही सूचीले भोलिका वडा, क्षेत्र, जिल्ला र केन्द्रीय नेतृत्वको शक्ति सन्तुलन निर्धारण गर्छ। त्यसैले समय थपिनु प्राविधिक निर्णय होइन। यो त संगठनभित्रको शक्ति समीकरणलाई अन्तिम रूप दिने अवसर पनि हो। देशभर सदस्यता डिजिटाइज्ड गर्दा केही अलमल हुनु र समय थपिनु अस्वाभाविक होइन। तर पटकपटक समय थप्दै जाने हो भने महाधिवेशन नै अनिश्चित बन्छ। लचिलो हुनुको अर्थ गड्यौला हुनु होइन। निर्वाचनको जस्तै सदस्यता अभियानको अन्तिम मिति पनि विश्वसनीय हुनुपर्छ।

कांग्रेसले लाखौं सदस्य भएको दाबी गर्छ। तर ठूलो प्रश्न सदस्यको संख्या नभएर उनीहरूको सक्रियता रहेछ भन्ने त चुनावबाट देखिइसक्यो। कागजमा लाखौं सदस्य भएर पनि संगठन कमजोर हुँदोरहेछ। सम्भवतः डिजिटल सदस्यता प्रणालीले पुराना विवाद कम छ। तर डिजिटल प्रणालीमात्र आफैँ समाधान भने होइन। डाटाको शुद्धता, दोहोरो सदस्यता रोकथाम, पारदर्शिता र अपिलको व्यवस्था भएमा यसको विश्वसनीयता स्थापित हुन्छ।

सदस्यता व्यवस्थापन वास्तवमा १५औँ महाधिवेशनको पहिलो परीक्षा हो। अहिलेको पारदर्शिता र निष्पक्षताले नै भोलिको महाधिवेशनको वैधता र स्वीकार्यता निर्धारण गर्नेछ। नेपाली कांग्रेसले नैतिक अस्तित्व रक्षाका लागि पनि महाधिवेशनबाट वैधता हासिल गर्नैपर्छ। महाधिवेशन तोकिएको मितिमा नगर्दा वा सार्न खोज्दा पार्टी नै सङ्कटमा परेको भुक्तभोगी त सभापति गगनकुमार थापा पनि हुन्। यसैले महाधिवेशनमा व्यापक सहभागिताका लागि संस्थापन पक्ष सधैँ हदैसम्म चलिलो हुनुपर्छ। तर, लचिलो हुँदा महाधिवेशनको निर्धारित मिति र क्रियाशील सदस्यहरूले चुनेका प्रतिनिधि भने दायाँबायाँ भयो भने संस्थापन पनि इतर समूहजस्तै दोषी हुनेछ।

बाह्रखरीबाट

## मधेशकै पहिलो...

नगरबासीको पनि सहकार्य रहनुपर्ने औँल्याइन्। 'नगरबासीको साझेदारीले घोषणापछि दिगोपनाका लागि ठुलो योगदान हुन सक्छ।' नगर उपप्रमुख कार्कीले आफ्नै घर, करेसाबारीमा पाइने तरकारी, सागसब्जी, फलफूल उपभोग गर्न आग्रह गर्दै सकेसम्म बालबालिकालाई बजारका खानेकुरा नखुवाउन सुझाव दिए।

सामाजिक विकास शाखाका संयोजकसमेत रहेका सुरुंगा– ४ का वडाध्यक्ष देवेन्द्रप्रसाद चौधरीले कुपोषणको उच्च दर रहेको मधेशको पहिलो पोषणमैत्री स्वास्थ्य संस्था घोषित भएकामा खुसी व्यक्त गर्दै पोषणमैत्री व्यवहार गरिनुपर्ने औँल्याए। स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख डा. सतिशकुमार यादवले गर्भावस्थादेखि मृत्यु नहुञ्जेल पोषण जरुरी रहेको उल्लेख गर्दै गर्भमा रहेको शिशुले आमाको शरीरबाट पोषक तत्व लिएर हुर्किने भएकाले गर्भवतीको विशेष ख्याल गरिनुपर्ने बताए। जनस्वास्थ्य अधिकृत जागेश्वर यादवले पोषणमैत्री घोषित स्वास्थ्य संस्थाको पालिकाअन्तर्गतका अन्य स्वास्थ्य संस्थाहरूले पनि अनुसरण गर्दै वडा, पालिका घोषणाका लागि प्रयास गरिनुपर्ने धारणा व्यक्त गरे।

विकास साझेदार संस्था विश्व खाद्य कार्यक्रमकी प्रतिनिधि रेखा लामाले सामूहिक प्रयासमा पोषणमैत्री स्वास्थ्य संस्था घोषणापछि आगामी दिनमा दिगोपना र गुणस्तरीय सेवा प्रवाहमा ध्यान दिन आग्रह गरिन्। प्रदेश नीति तथा योजना आयोगकी शाखा अधिकृत रञ्जना गुप्ताले स्वास्थ्य संस्थापछि वडालाई पनि पोषणमैत्री घोषणाको तयारी गर्न आग्रह गर्दै त्यसका लागि आयोगले आवश्यक समन्वय सहयोग गर्ने उल्लेख गरिन्।

**सातबुँदे प्रतिबद्धतामा हस्ताक्षर**

घोषणा कार्यक्रममा सहभागी जनप्रतिनिधि, सरोकारवालाहरूले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनको कार्यान्वयका लागि नीतिगत तथा संस्थागत व्यवस्था, बजेट तथा स्रोत परिचालन, लक्षित समूहको पहिचान र पहुँचको सुनिश्चितता सम्बन्धी प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन्। सरोकारवालाहरूको सेवा प्रवाह र अनुगमन, जनचेतना र व्यवहार परिवर्तन, बहुक्षेत्रीय समन्वय र सहकारी, दिगोपन र नवप्रवर्तनसम्बन्धी प्रतिबद्धता रहेको पोषण फोकल व्यक्ति भूषण सुनरैतले बताए।

पोषणमैत्री स्वास्थ्य संस्था घोषित केन्द्रले गर्भवती महिलाले कम्तीमा चारपटक प्रसूति जाँच, सुत्केरी महिलाले कम्तीमा तीनपटक उत्तर प्रसूति जाँच, गर्भवतीले गर्भावस्थामा १८० आइरन फोलिक एसिड चक्की सेवन गरेको, स्वास्थ्य संस्थामा प्रसूति गराएकोलगायत विभिन्न १६ वटा सूचक पूरा गरेको केन्द्रका इन्चार्जसमेत रहेका हेल्थ असिस्टेन्ट रामकुमार दियालीले जानकारी दिए। घोषणा कार्यक्रममा वडा कार्यालय, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, विकास साझेदार संस्थाका प्रतिनिधिहरूलाई सम्मान तथा प्रमाणपत्र दिइएको थियो।

# असन्तुष्ट छ रास्वपाभित्रको मधेस



काठमाडौँ, २१ असार। राष्ट्रिय स्वतन्त्र पार्टीका मधेसी नेता तथा सांसदहरू पछिल्लो समय निकै असन्तुष्ट देखिएका छन्। पछिल्लो समय प्रतिनिधि सभाको बैठकमा सोही पार्टीका सांसद पुरुषोत्तम यादवले दिएको अभिव्यक्ति अहिले चर्चाको विषय बनेको छ। आखिर मधेसमा एकपछि अर्को नेता किन असन्तुष्ट बन्दै गएका छन् ?

रास्वपाकै मधेसका नेता तथा सांसदहरूले सरकारको आलोचना गर्न थालेका छन्। डा. अमरेशकुमार सिंहले सुरु गरेको आलोचना मनिष झा हुँदै पुरुषोत्तम यादवले पनि सुरु गरे। पार्टी तथा सरकारप्रति मधेसमा तीव्र असन्तुष्टि बढेको छ। यसले पुष्टि गर्छ कि मधेसमा उकुसमुकुस छ।

जनकपुरका प्राध्यापक डा. भोगेन्द्र झाले भने, 'मधेसमा मात्र होइन, उत्पीडित हरेक समुदायमा उकुसमुकुस छ। यो जुनसुकै बेला भड्किन सक्छ र यसको संकेत पार्टीकै मधेसी नेताहरूले संसद्मा देखाइसक्नुभएको छ।' रास्वपाका सांसद पुरुषोत्तम यादवले संसद्मा पछिल्लो समय दिएको अभिव्यक्तिले धेरै कुराको संकेत गरेको उनले बताए।

देशभरमै मधेसले रास्वपालाई सबैभन्दा बढी मत दिएको छ। मधेस प्रदेशका ३२ सिटमध्ये ३० सिट रास्वपाले जितेको छ। मतको हिसाबले त ३१ वटा जितेको थियो। मधेसले यति धेरै मत दिँदा पनि त्यसलाई पार्टीले महत्त्व नदिएको गुनासो हुन थालेको छ।

रास्वपा मधेस प्रदेशका एक नेताले भने, 'सरकार बालेनका दुई–चार जना साथीले चलाइरहेका छन् भने पार्टी रविको सीमित टोलीले चलाइरहेको छ, बाँकीको काम छैन त्यहाँ।' रास्वपालाई मधेस चाहिँदैन भन्ने कुरा चितवनमा सम्पन्न पहिलो महाधिवेशनले पुष्टि गरेको बताउँदै उनले पदाधिकारीमा एक जना मधेसी नआउनु, केन्द्रीय सदस्यमा पनि खुलाबाट नआउनुले पार्टीमा मधेसको स्थान कहाँ छ भन्ने पुष्टि गरेको बताए।

सरकारले अहिले धमाधम नियुक्ति गरिरहेको छ तर मधेससँग सोधपुछ पनि छैन। मधेस प्रदेशका रास्वपाका एक सांसदले भने, 'सरकारले अहिले विभिन्न निकायमा नियुक्तिहरू गरिरहेको छ तर मधेसका हामीजस्ता नेताहरूसँग एकपटक पनि कुनै विषयमा सल्लाह लिँदैनन्। सोध्न जाँदा प्रतिक्रिया पनि दिँदैनन्।'

प्रधानमन्त्री बालेन र पार्टीका सभापति रवि लामिछानेको सल्लाहमा मात्र नियुक्ति हुने गरेको बताउँदै उनले विज्ञापन गरेर नियुक्ति गरेको भन्नु भ्रममा पार्ने कुरा मात्र भएको र बालेन तथा रविले जसलाई चाहन्छन्, त्यसैको नियुक्ति हुने दाबी गरे। केन्द्रीय सदस्य तथा पदाधिकारी मनोनयन गर्न बाँकी रहेकाले त्यसमा पार्टीले के निर्णय गर्छ, त्यो हेरेर मात्र कुनै निर्णय लिने ती सांसदले बताए।

चुनावका समयमा रवि र बालेनले मधेसी नेताहरूसँग छलफल गर्थे तर अहिले कुनै प्रकारको सोधखोज छैन। चितवनमा भएको महाधिवेशनमा रवि र बालेनले जसजसलाई टोलीमा ल्याउन खोजे, उनीहरू मात्र आए, अरूको कुनै सोधखोज भएन। रास्वपामा शीर्ष नेतृत्वमध्ये एक नेता थिए मनिष झा, तर उनलाई महाधिवेशनबाट फालियो।

साहित्यकार धिरेन्द्र प्रेमर्षीले भने, 'लोकतन्त्रमा जित र हार दुवै स्वाभाविक प्रक्रिया हुन्। चुनाव लड्नेहरूमा जित्ने विश्वास जति चाहिन्छ, हारलाई सहजै पचाएर पुनः ऊर्जा ग्रहण गर्ने सामर्थ्य पनि त्यति नै आवश्यक हुन्छ, र त्यो कुरा मनिष झामा देखिएको छ।' मनिष झा हारेर पनि जितेको उल्लेख गर्दै उनले महाधिवेशनमा पराजित भएर पनि मनिष झाको अन्य नेताको तुलनामा बढी चर्चा हुनु नै उनको जित भएको बताए।

चुनाव जितेपछि झा मन्त्री बन्ने लगभग निश्चित थियो। उनले आफैँ चुनावी अभियानका क्रममा ठाउँठाउँमा मन्त्री बन्ने कुरा बताएका थिए। तर उनलाई मन्त्री बनाइएन। उनी मात्र होइन, जेनजी आन्दोलनमा योगदान दिएका मधेस प्रदेशका शिव यादव, पुरुषोत्तम यादव र बब्लु गुप्तामध्ये कसैलाई पनि मन्त्री बनाइएन। चुनावका समयमा टिकट लिएर चुनाव जितेकाहरूलाई मन्त्री बनाइएको छ। सिरहा–४ बाट चुनाव जितेका तपेश्वर यादव रास्वपाको स्थापनाकालदेखि नै पार्टीमा सक्रिय थिए तर उनलाई पनि मन्त्री बनाइएन।

मधेस प्रदेशका एक नेताले भने, 'यी सबै हेर्दा पार्टी कसले चलाइरहेको छ भन्ने पत्तो छैन। हरेक पार्टी कुनै न कुनै प्रणालीबाट चलेको हुन्छ, नीति, नियम र विधानका आधारमा चलेको हुन्छ, तर रास्वपाको आफ्नै ताल छ। एक–दुई जना नेताले जे भन्छन्, त्यही हुन्छ।'सरकारले १०० दिन पूरा गरेको छ, तर मधेसमा संगठन पनि बनेको छैन, नेताहरू पनि असन्तुष्ट छन्। यसको अर्थ पार्टीको प्राथमिकतामा मधेस छैन। प्राध्यापक झाले भने, 'विगतका दलहरूले गरेको भ्रष्टाचार तथा कुशासनप्रतिको आक्रोशको फाइदा रास्वपालाई भएको हो। तर जसले रास्वपालाई मत दियो, आज उसैले पश्चाताप गरिरहेको छ। खासगरी मधेसमा यसको आलोचना भइरहेको छ।'

## मधेस सरकारको ...

व्यवस्थामा प्रवेश गरिसक्दा पनि संघीयताको मर्म विपरीत असन्तुलित बजेट ल्याइएको उनको आरोप थियो।

जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंहले बजेटलाई संघीयताविरोधी भएको टिप्पणी गरे। उनले कांग्रेस, एमाले र नेकपा सुरुदेखि नै संघीयताविरोधी गतिविधिमा संलग्न रहेको आरोप लगाउँदै मुख्यमन्त्री कृष्ण यादव नेतृत्वको सरकारले त्यसैको पुष्टि गर्ने गरी बजेट ल्याएको दाबी गरे।

पत्रकार सम्मेलनमा प्रदेशसभा सदस्य उपेन्द्र महतो र संजय यादवले पनि बजेटका विभिन्न पक्षमा प्रश्न उठाए। उनीहरूले संघीयता स्थापनाका लागि लामो संघर्ष भएको स्मरण गराउँदै प्रदेशभरिका आवश्यकता बेवास्ता गरी बजेट एक जिल्लामा केन्द्रित गरिएको आरोप लगाए।

जनलोकपाल ऐन र प्रदेश लोकसेवा ऐनको मर्म विपरीत आयोगका पदाधिकारी नियुक्ति गरिएको, एक करोड रुपैयाँभन्दा कमका योजना समावेश नगर्ने भनिए पनि एउटै शीर्षकअन्तर्गत ५–६ वटा योजना राखिएको तथा बजेट 'सेटिङ'का आधारमा वितरण गरिएको उनीहरूको आरोप थियो।

# मधेस प्रदेशमा 'असारे खर्च' : २० दिनमै ३ अर्ब ३२ करोड



जनकपुरधाम, २१ असार। आर्थिक वर्षको अन्तिम महिनामा अस्वाभाविक खर्च गर्ने सरकारको चलन पुरानै हो। स्थानीय तहदेखि केन्द्रसम्म यस्तो खर्चमा बाढी आउने गर्छ। मधेस प्रदेशमा पनि असार महिनामा व्यापक खर्च भएको देखिएको छ। मधेस सरकारको चालु आर्थिक वर्षको अन्तिम महिना अर्थात् असार २० गतेभित्र ३ अर्ब ३२ करोड रुपैयाँ खर्च भएको पाइएको छ। यो कुल बजेट खर्चको २८ दशमलव ३० प्रतिशत भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। कार्यालयका अनुसार असार २० गतेसम्म प्रदेश सरकारले कुल १३ अर्ब २९ करोड ६६ लाख ६८ हजार १६४ रुपैयाँ खर्च गरेको छ। यसअघि जेठ मसान्तसम्म ९ अर्ब ९७ करोड रुपैयाँ अर्थात् कुल बजेटको २१ दशमलव २४ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्षको अन्तिम महिनामा देखिने यस्तो प्रवृत्तिलाई सार्वजनिक वित्त व्यवस्थापनका जानकारहरूले खर्चको गुणस्तर र पारदर्शितामाथि प्रश्न उठाउँदै व्याख्या गरेका छन्। उनीहरूका अनुसार अन्तिम समयमा हुने हतारको भुक्तानीले विकास आयोजनाको प्रभावकारिता र गुणस्तरमा असर पर्न सक्ने जोखिम रहन्छ।

यता प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी निरेन्द्रलाल कर्णसँग टेलिफोनमार्फत रातोपाटीसँग बताएअनुसार हालसम्म चालुतर्फ ६ अर्ब ७२ करोड ८८ लाख रुपैयाँ अर्थात् ४३ दशमलव २ प्रतिशत र पुँजीगततर्फ ६ अर्ब ५६ करोड ७८ लाख रुपैयाँ अर्थात् २० दशमलव ९६ प्रतिशत खर्च भएको छ। जेठ मसान्तसम्म चालु खर्च ३६ दशमलव २२ प्रतिशत र पुँजीगत खर्च १३ दशमलव ७६ प्रतिशत मात्र थियो।

मन्त्रालयगत खर्चमा सबैभन्दा बढी प्रगति अर्थ मन्त्रालयले गरेको छ। अर्थले ५३ दशमलव ७१ प्रतिशत बजेट खर्च गरेको छ। त्यसपछि वन तथा वातावरण मन्त्रालयले ४६ दशमलव ३८ प्रतिशत र श्रम तथा यातायात मन्त्रालयले ३८ दशमलव ९७ प्रतिशत खर्च गरेका छन्।

त्यस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ३६ दशमलव २९ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३१ दशमलव २९ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले २८ दशमलव ७९ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले २८ दशमलव ५६ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले २८ दशमलव ३६ प्रतिशत बजेट खर्च गरेका छन्।

त्यस्तै शिक्षा तथा संस्कृति मन्त्रालयको खर्च २६ दशमलव ४७ प्रतिशत, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको १९ दशमलव ६० प्रतिशत तथा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको सबैभन्दा कम ११ दशमलव २ प्रतिशत रहेको तथ्यांकमा उल्लेख छ। सूचना अधिकारी कर्णका अनुसार असार २५ गतेसम्म विभिन्न योजना तथा कार्यक्रमको भुक्तानी प्रक्रिया जारी रहने भएकाले खर्चको कुल प्रतिशत अझ बढ्ने सम्भावना छ। तर अन्तिम समयमा हुने तीव्र खर्चले बजेट कार्यान्वयनको दीर्घकालीन प्रभावबारे भने प्रश्न यथावत् छ।

## आँपको मूल्य...

गरेको आँप व्यापारीले सस्तोमा खरिद गरेर महँगोमा बिक्री गरिरहन्छ। आँपको लागि प्रशोधन केन्द्र शीत भण्डार र बजार व्यवस्थापन नभएसम्म किसानले उचित मूल्य नपाउने निश्चित छ '

सिरहा र सप्तरी दुबै जिललाको लागि पायक पर्ने लहानमा आँप बजार व्यवस्थित गर्न र विगत वर्षमा गरिएको आँपको ब्राण्डिङ गरेर अन्य बजारमा पठाउन जिल्ला सिरहा कृषि ज्ञानकेन्द्र र लहान, धनगडीमाइ, गोलबजार,मिर्चैया र कर्जन्हा नगरपालिकाले पूर्व पश्चिम जाने लोकमार्गमा र भगवानपुर,नवराजपुर बरियारपटि औरही गाउँपालिका र सिरहा नगरपालिकाले हुलाकी मार्गमा आँपको बिक्री केन्द्र र आँप महोत्सव आयोजना जस्ता कार्यक्रमहरु गर्नुपर्नेमा त्यस्तो हुन नसक्नु विडम्बना भएको वरिष्ट लेखक हुलाकी मार्गका अभियानी रामरिझन यादवले बताउनुभयो।



धनगढीमाई नगरपालिका
नर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

# जनकपुर उच्च अदालतमा दुई वर्ष पुराना मुद्दाको संख्या शून्य




जनकपुरधाम, २१ असार। उच्च अदालत जनकपुरमा दुई वर्षभन्दा पुरानो मुद्दा शून्यमा झरेको छ। अदालतले सार्वजनिक गरेको तथ्यांकअनुसार दुई वर्ष नाघेका मुद्दा शून्यमा झरेको छ भने १८ महिनादेखि दुई वर्षभित्रको मुद्दाको संख्या १३ वटा छ। यस्तै, एक वर्षदेखि डेढ वर्षभित्रको बाँकी मुद्दा ३८७ वटा छ। १० जना न्यायाधीश रहेको उच्च अदालत जनकपुरले चालु आर्थिक वर्ष २०८२/८३ को असार १९ गतेसम्म कुल ४३३० वटा मुद्दा फछ्र्योट गरेको हो, जसमध्ये ४१६१ वटा नयाँ मुद्दा दर्ता छन् भने २२६७ वटा जिम्मेवारी सरिआएका मुद्दा हुन्।

अदालतका रजिस्ट्रार विश्वजंग सिजापतिका अनुसार जिम्मेवारी सरिआएका र नयाँ दर्ता मुद्दामध्ये २०९८ वटा फछ्र्योट हुन बाँकी छन्। त्यस्ता सरिआएका मध्ये २०४७ वटा फछ्र्योट भएका छन् भने २२० वटा बाँकी छन्। त्यस्तै नयाँ दर्तामध्ये २२८३ वटा फछ्र्योट भएका छन् भने १८७८ वटा मुद्दा बाँकी छन्। उच्च अदालतले यस आर्थिक वर्षको फछ्र्योट लक्ष्य ४५४६ वटा राखेको थियो। जसअनुसार असार १९ गतेसम्म ४३३० वटा फछ्र्योट भएका छन्। यो भनेको लक्ष्यको ९५ दशमलव ८४ प्रतिशत हुन आउँछ।

उच्चको तथ्यांकअनुसार चालु आव २०८२/८३ को असार १९ गतेसम्म सबैभन्दा बढी कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले मुद्दा फछ्र्योट गरेका छन्। उनको इजलासले १३१० वटा मुद्दा फछ्र्योट गरेको छ। यसैगरी न्यायाधीश टीकाराम आचार्यले १११५, जगदीश घिमिरेले ९४६, राजुराम सिलवालले ८९६, कृष्णप्रसाद सुवेदीले ८४६, कैलाश प्रसाद सुवेदीले ८२६, फुर्पा तामाङले ७२३, मुरारीबाबु श्रेष्ठले ६८४, कमलप्रसाद पोखरेलले ६५९ र श्यामकुमार भट्टराईले ५७८ मुद्दा फछ्र्योट गरका छन्।

OFFICE OF THE PRINCIPAL

DPS
DELIGHT PUBLIC SCHOOL
Lahan-3, Siraha
Walk in Interview

Required suitable candidate for the following position

| Section | Required |
| --- | --- |
| Pre-primary+ Kindergarten | Nursery/Montessori trained or 1-2 year Diploma in Early Education |
| Primary | Social Studies/English (Bachelor's degree in revelant subject, B.Ed. or equivalent with teaching experience) |
| Lower Secondary | Social Studies/English (Bachelor's degree in revelant subject, B.Ed. or equivalent with teaching experience) |

All candidates need strong communication skills,
Classroom management and computer proficiency.
Able to handle Modern and changing education system
Understanding young minds/A passion for teaching and Learning
(Experience preferred)

Walk-in interviews: 17th/18th/19th Ashad 2083
Carry all required documents

| Timings | Venue |
| --- | --- |
| 9:00 AM - 3:00 PM | OFFICE OF THE PRINCIPAL DELIGHT PUBLIC SCHOOL, Lahan-3, Siraha |

9712044022 033-590430

# अप्पन जनकपुरधाम मैथिली पाठ्यक्रम लागु हुने

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २१ असार। आगामी शैक्षिकसत्रदेखि जनकपुरधाम उपमहा नगरपालिकाभित्र सञ्चालित सामुदायिकसँगै संस्थागत (निजी) विद्यालयमा समेत कक्षा १ देखि ८ सम्म मैथिली भाषामार्फत स्थानीय पाठ्यक्रम अध्यापन गराइने भएको छ। उपहानगरपालिकाअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयमा चालु शैक्षिकसत्रमा कक्षा १ देखि ३ र आगामी शैक्षिकसत्रमा कक्षा ८ सम्म अनिवार्य रुपमा स्थानीय भाषाको अप्पन जनकपुरधाम पाठ्यपुस्तक लागु गरिने भएको हो।

उपमहानगरपालिकाले स्थानीय इतिहास, भाषा, साहित्य, कला, संस्कृति, धार्मिक सम्पदा तथा मौलिक पहिचानलाई विद्यालय शिक्षासँग जोड्ने उद्देश्यले तयार गरिएको पाठ्यक्रम कार्यान्वयनको अन्तिम तयारी पूरा भएको उपमहानगरपालिकाले जनाएको छ। शुक्रबार एक कार्यक्रमबिच पाठ्यक्रमका लेखक डा. हेमप्रसाद साहले नगरप्रमुख मनोजकुमार साहलाई उक्त पाठ्यक्रम औपचारिक रूपमा हस्तान्तरण गर्नुभयो।

पाठ्यक्रम ग्रहण गर्नुहुँदै जनकपुरधामका नगरप्रमुख मनोजकुमर साहले जनकपुरधामभित्रका सबै सामुदायिक तथा निजी विद्यालयमा कक्षा १ देखि ८ सम्म मैथिली माध्यमबाट स्थानीय पाठ्यक्रम अनिवार्य रूपमा लागू गरिने जानकारी दिनुभयो। उहाँले पाठ्यक्रमबाट विद्यार्थीले आफ्नै भाषा, इतिहास, संस्कृति, धार्मिक तथा सांस्कृतिक सम्पदाबारे



तथ्यमा आधारित ज्ञान हाँसिल गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "मैथिली भाषाको पाठ्क्रमले आफ्नो पहिचानप्रति गौरव र अपनत्वको भावना पनि विकास हुनेछ।"

जनकपुरधामका शिक्षा शाखा प्रमुख तथा पाठ्यक्रम लेखा तथा मस्यौदा समितिका संयोजक अन्जु पाण्डेका अनुसार स्थानीय सरकार सञ्चालन ऐन तथा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्को व्यवस्थाअनुसार स्थानीय आवश्यकता, भाषा, संस्कृति र पहिचानलाई केन्द्रमा राखेर पाठ्यक्रम तयार गरिएको छ। उहाँले पाठ्यक्रममा जनकपुरधामको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा, स्थानीय भाषा, साहित्य, कला, चाडपर्व, सामाजिक मूल्य–मान्यता, प्राकृतिक सम्पदा तथा स्थानीय जीवनशैलीसम्बन्धी विषय समेटिएका बताउनुभयो।

मस्यौदा संयोजक पाण्डेले भन्नुभयो, "पाठ्यक्रमले स्थानीय ज्ञान, सीप र संस्कृतिको संरक्षण तथा प्रवर्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ। धरै मेहनतका वावजुद पाठ्क्रम बनाउन सफल भएका छौं, चालु शैक्षिक सत्रमा कक्षा १ देखि ३ सम्म पाठ्यपुस्तक लागु गर्ने छौं र आगामी शैक्षिक सत्रमा ८ कक्षासम्म लागु गरिने छ।"

उक्त पाठ्यक्रम मस्यौदा तथा लेखन समितिका संयोजक सोही पालिकाका शिक्षा शाखा प्रमुख पाण्डेको नेतृत्वमा तयार गरिएको पाठ्यक्रम निर्माणमा श्यामसुन्दर शशि, सुनिल मल्लिक र विनिता ठाकुरले विज्ञका रूपमा योगदान दिनुभएको छ।

# मुआब्जा विवाद टुङ्गिएसँगै बिजलपुरा–बर्दिबास रेलमार्ग निर्माण सुरु



जनकपुरधाम, २१ असार। मुआब्जासम्बन्धी विवाद समाधान भएसँगै जयनगर–बर्दिबास १८ किलोमिटर रेलमार्ग निर्माणले गति लिएको छ। नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार जग्गा मुआब्जासम्बन्धी विवाद समाधान भएसँगै आगामी दुई वर्षभित्र बर्दिबाससम्म रेल सेवा सञ्चालन गर्ने लक्ष्यका साथ निर्माण कम्पनी इरकन इन्टरनेसनलले काम थालेको छ। धनुषा र महोत्तरीमा धमाधम ट्र्याक निर्माण भइरहेको छ।

जयनगर–बर्दिबास ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगर–कुर्था खण्डमा २०७८ चैत १९ गतेदेखि नियमित रुपमा रेल सेवा सञ्चालन हुँदै आएको छ। यसैबिच, नेपाल रेल्वे कम्पनीले अतिक्रमणमा परेको आफ्नो जग्गाको खोजी सुरु गरेको छ। विभिन्न स्थानमा रेल्वेको जग्गा अतिक्रमण भएको पाइएपछि नक्साका आधारमा खोजी थालिएको महाप्रबन्धक पराजुलीले बताए।

जयनगर–बर्दिबास रेलमार्ग नेपाल र भारतबीचको महत्वपूर्ण सीमापार रेल परियोजना हो। यो ब्रोडगेज रेलमार्ग नेपाल–भारत द्विपक्षीय सहकार्यअन्तर्गत निर्माणाधीन। यो परियोजनाले दुई देशबीचको आवागमन, व्यापार तथा आर्थिक गतिविधिलाई सहज बनाउनुका साथै नेपालको रेल पूर्वाधार विस्तारमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)